# रूपवती जासूस सिन्थिया



❑ देवकुमार दुमी
साङखोला, पूर्व सिक्किम।

**विश्वका प्रख्यात जासूसहरूमध्ये सिन्थिया एक यस्ती जासूस थिई, जसले दोस्रो विश्व युद्धको मोड़ नै अर्कोतिर लागिदिई। प्रथम विश्वयुद्धमा मताहारी नामक नारी जासूसले आफ्नो यौन उत्तेजना र आकर्षण अनि सौन्दर्य प्रदर्शनद्वारा एक जासूसको दर्शनीय र प्रशंसनीय कार्य गरेकी थिई भने १९३७ र १९४५ को अवधिभित्रमा सिन्थिया एक्लैले गरेकी जासूसी कर्मले मित्रराष्ट्रहरूलाई ठूलो सहयोग पुऱ्यायो।**

सिन्थिया नामकी एक आश्चर्यमय यौन उत्तेजक नारी जासूसद्वारा काम लिन ब्रिटिश सक्षम बनेको थियो। उनी यति सुन्दरी र मदहोशी थिई कि अनेकौं फ्रेन्च, पोलिश तथा इटालियन राजनीतिज्ञहरू उसको आकर्षणका शिकार बनेका थिए। उनीहरू आफ्नो कर्तव्य र पदलाई समेत भुलेर सिन्थियाको लागि आफ्नो देशलाई धोका दिनसम्म तत्पर भए।

विश्वका प्रख्यात जासूसहरूमध्ये सिन्थिया एक यस्ती जासूस थिई जसले दोस्रो विश्व युद्धको मोड़ नै अर्कोतिर लागिदिई। प्रथम विश्वयुद्धमा मताहारी नामक नारी जासूसले आफ्नो यौन उत्तेजना र आकर्षण अनि सौन्दर्य प्रदर्शनद्वारा एक जासूसको दर्शनीय र प्रशंसनीय कार्य गरेकी थिई भने १९३७ र १९४५ को अवधिभित्रमा सिन्थिया एक्लैले गरेकी जासूसी कर्मले मित्रराष्ट्रहरूलाई ठूलो सहयोग पुऱ्यायो।

सिन्थियाको खास नाम एमी एलिजाबेथ थियो। अमेरिकी दम्पत्तिकी सन्तान थिई ऊ। ऊ अति सुन्दरी थिई– सबै उसको सौन्दर्यमा मक्ख पर्थे। मानिसको व्यक्तित्व उसको रूपको सामु घुँड़ा टेक्न पुग्थ्यो। रूपकी धनी हुँदा–हुँदै ऊ ज्ञानी र आँटिली पनि थिई। १९३० को दशकभित्र एमीले ब्रिटिश राजनीतिज्ञ आर्थर प्याकसित बिहे गरी। तर बिहे सफल रहन सकेन। आर्थर पुञ्जीपति व्यक्तिहरूका औपचारिकता निभाउन सधैं तत्पर रहने अस्वच्छन्दवादी व्यक्ति थियो बने एमी स्वच्छन्द प्रकृतिकी सहृदयी सबैसित मिल्नपुग्ने सरल नारी थिई। ऊ दिवा स्वपन देख्ने गर्थी र कुनै अति महान् र ठोस कर्म गर्न सधैं उत्सुक रहन्थी। यस्तो वैभिन्य हुँदा–हुँदै पनि ती दुइको ठुटानाम झट्टै भएन।

एक राजनीतिज्ञकी पत्नीको हैसियतमा एमीले पोल्याण्ड, स्पेन, चिली आदि देशहरूमा पुग्ने र बस्ने मौका पाई। यी यात्राहरूले उसलाई राजनैतिक खेल र चालबाज बारेमा धेरै कुरा बुझ्न सहयोग पुऱ्यायो। पोल्याण्डमा छँदा आफूलाई काम लाग्ने केही कुरा उपलब्ध गर्ने सुयोग प्राप्त गरी। १९३० मा ब्रिटिश गुप्तचर विभागले उसलाई बोलायो र गुप्तचर एजेन्टका काम दिने प्रस्ताव राख्यो। एमीले सहर्ष स्वीकार गरी। यसै दिनदेखि उसको गुप्त नाम सिन्थिया भयो।

यसपछि उसको सर्वप्रथम कार्य वार्समा पोलिश विदेशी नीतिका विभागका उच्च पदाधिकारीलाई आकर्षित गर्नुथियो। सिन्थियाले उक्त अधिकारीलाई भेट गर्ने निम्तो दिई। यो निमन्त्रणालाई उनले टुक्राउन सकेनन् साथै एक अति सुन्दरी स्त्रीलाई आफ्नो बाहुपाशमा लिन उनले आफ्नो सौभाग्य सम्झे।

ब्रिटिशका निम्ति लाभदायक जर्मनी र चेकस्लोभाकियाबारेका जानकारीहरू सिन्थियाले उक्त अधिकारीबाट सहजै प्राप्त गरी। यी सूचनाहरूमध्ये ब्रिटिश इन्जिनियरहरूले जर्मनीको गुप्तचर कार्यमा प्रयोग गर्नुज्ञको लागि गुप्त कोड शब्दहरू आविष्कार गर्ने यन्त्रमाथि काम गर्दै गरेको सूचना प्रमुख थियो। हिटलरका गुप्त भाषाहरूली सामान्य भाषामा परिषत गर्ने अभियानको शुरूवात नै यही थियो। यसैबाट दोस्रो विश्व युद्धको लहर तरंगित भई उठेको थियो।

१९४१ मा सिन्थिया न्यूयोर्क आइपुगी। ब्रिटिशको निम्ति ऊ अति सफल गुप्तचर बन्न सकी। ब्रिटिश सेक्यूरिटी को– अर्डिनेसनका प्रमुख विलियम स्टिपेसनली फ्रेञ्च र इटालीका एम्बासीहरूबाट गुप्त सूचनाहरू हासिल गर्न सक्ने व्यक्तिहरूको आवश्यकता थियो। यस कार्यको लागि सिन्थिया नै सबैभन्दा योग्य व्यक्ति ठहरिई। वाशिङ्गटनमा उनली एक भव्य आरमदायक घर दिइयो। दत्यहाँ बसेर उसले अमेरिकाको राजधानीका कोकटेल पार्टीहरूमा भाग लिन सक्थी। चाँड़ैने सिन्थियाले सबै राजनैतिक व्यक्तिहरूली मित्र बनाउन सकी। उनीहरू सबै सिन्थियाको नजीक हुन मन पराउंथे। इटलीका एक राजनैतज्ञ एडमिरल अलबर्टो लायससित प्रेमको चाल सिन्थियाले चली। अलबर्टो मूसोलीनीको नवशक्तिसित सम्बन्धित व्यक्ति थिए।

जब अलबर्टो सिन्थियाको प्रेममा राम्रैसँग पग्लियो तब सिन्थियाले आफ्नो चतुरताको हतियार प्रयोग गरी। अरू जासूसहरूले झैं आफ्नो असली परिचय नदिएर उसले भनी की संगठित शक्तिहरूलाई इटलीको विरूद्धमा उसले एक जासूसले झैं कार्य गरेर मदत दिन चाहन्छे। एडमिरल विचार सिन्थियाको प्रेममा फँसेर उसको कुनै पनि कुराली नकार्न नसक्ने अवस्थामा पुगिसकेको थियो। सिन्थियाको माग अनुसार उनले इटालीको गुप्त कोडहरू र भाषाहरूबारे सबै जानकारी दियो। सिन्थियाबाट यस्ता अति गुप्त कुराहरू प्राप्त गरेर ब्रीटिश गुप्तचर विभाग आश्चर्य भए किनभने अलबर्टो झैं देशभक्त व्यक्तिले यस्तो कर्म गर्न सक्छ भन्ने कुरामा कसैको विश्वास थिएन।

सिन्थियाको तर्फबाट ब्रिट्शि नशक्तिलाई ठूलो सहायता पुग्यो। ब्रिटिश नवशक्ति तिनताक कमजोर थियोथ। उक्त कोडले उत्तर अफ्रिकामा संगठित राष्ट्रिहरूलाई महत्तवपूर्ण सहयोग दिलायो।

आफ्नो उद्देस्य पूर्म भएपछि खूबै चलाकीसाथ सिन्थियाले अलबर्टोली आफ्नो जीवनबाट हटाई। उसले एफ.बी. आई, लाई खबर दिई कि अमेरिकाको नवशक्ति लिाकामा विद्रोह हुने कुरा विषयमा अलबर्टोपली थाह भयो। यो सूचना पाउनासाथ इटलीको एम्बासीमा दबाव दिइयो र अलबर्टोलाई आफ्नो देश फर्काइ पठाउने काम भयो।

सिन्थियाको अर्को निशाना थियो प्रान्सको एम्बासी। हिटलरले फ्रान्स जितेर त्यहां एउटा आफ्नो वशको देखावटी सरकार गठन गरेको थियो। राजदूतको नजीकको सम्पर्कका मानिस थियो भूतपूर्व पाइलट क्याप्टन चार्ल्स ब्रूस। युद्धपूर्व उनले ब्रिटिश गुप्तचर विबागमा काम गरेका थिए। १९४० मा जब ब्रिटिशले इरानमा प्रान्सको नवशक्तिमाथि आक्रमण गऱ्यो तब उनले ब्रिटिशली घृणा गर्न लागेको थियो। उनको नजरमा ब्रिटिश असभ्य र पाखे थिए। उनली लागेको थियो कि फ्रान्स राजनीतिको योजना र नीतिबारे अमेरिकीहरू अनभिज्ञ थिए।

सिन्थियाले विस्तार–विस्तार ब्रूससित प्रेमको नाटक शुरू गरी। उनी सिन्थियासित बेहद मुग्ध थिए। उनले सिन्थियाली त्यही होटलमा भेट्ने र बस्ने सहमति दिए जहाँ उनी आफ्नी तेस्रो पत्नीसित बस्दै थिए। प्रान्सले मार्टिनिक्को टापूमा लुकाइराखेको प्रशस्त सुनको भण्डारबारे उनले सिन्थियाली भने। सिन्थियाबाट गुप्तरूपमा उक्त सुनबारे सूचना पाउनसाथ ब्रिटिश मार्टिनिक्को टापूमा पुग्यो र नाजीहरूले अधिकार जनाउनुप अघिनै ब्रिटिशले त्यो सुन आफ्नो हातमा पाऱ्यो।

त्यसै सुन दिएर ब्रिटिशले आफ्नो युद्धकोशको लागि अमेरिकाबाट धेरै रूपियाँ प्राप्त गऱ्यो। ुत्तर दक्षिण अमेरिकामा जर्मन एजेन्टहरूको काम गर्ने तरिकाबारे पनि सिन्थियाले ब्रूसबाट जानकारी प्राप्त गरी।

त्यसपछि जीवनको सबैभन्दा कठीन र कष्टप्रद कार्य–अभियानमा उत्रिनली सिन्थियाले आफूलाई तयार पारी। त्यो कार्य फ्रान्स नव–शक्तिको कोड हासिल गर्नु। कोड एम्बासीको शूबै सुरक्षित र भरपर्दो कक्षमा राखिएको थियो जहाँ पुग्नु ब्रूसको लागि सम्भव थिएन। सिन्थिया र ब्रूसले एउटा उपाय निकाले। उक्त कक्षका प्रहरीहरूली ती दुइले भने कि ती दि प्रेममा फँसेका छन् र प्रेमालाप गर्नली उक्त कक्ष नै सुरक्षित ठाउँ भएको हुनाले एक रातको लागि त्यो कक्ष दिनु पऱ्यो। सट्टामा उपहारको रूपमा प्रहरीली निकै रूपियाँ र निद्रा लाग्ने दवाई मिसाइएको रक्सीका बोतलहरू दिइए। यसरी केही रात ती दुइले उक्त कक्षमा निश्चित, निर्विरोध प्रेम क्रीड़ा गरे। सिन्थियाले यसै मौकामा फ्रान्स नव–शक्तिका गुप्त कोडहरू आफ्नो हात पारी। एक रात एकजना प्रहरी अचानक निन्द्राबाट ब्यूँझ्यो र उसले देख्यो– एक नग्न सुन्दरी कोचमा पल्टिरहेकी। कक्षको सुरक्षाबारे निशंक भई त्यो प्रहरी फेरि सुत्यो। ब्रिटिश गुप्तचर विभागका अधिकारीहरू प्रशंसामा बोलेका छन्– यदि सिन्थियाबाट यस्तो कठिन कार्य सम्पन्न नभएको भए संगठित राष्ट्रिहरूले फ्रान्स र जर्मनीली पराजित गर्न सक्ने थिएन। समय आफ्नो गतिमा बितेर गयो।

आफ्नो शरीर बेचेर यसरी जासूसी काम गर्न संकोच भएन? भनेर एक पत्रकारले प्रश्न गर्दा सिन्थियाले भनी मैले सुनेकी छु कि मेरै कारणले हजारौं अमेरिकी र अंग्रेजहरूको जिन्दगीको रक्षा भएको छ।

१९४५ पछि ब्रूसले आफ्नी तेस्रो पत्नीसित छुटानाम गरे– सिन्थियाको पतिको पनि मृत्यु भयो। परिणाममा ब्रूस र सिन्थियाको बिहे भयो। १९६३ सम्म ती दुइ दक्षिण फ्रान्समा बसे।

केही अवधि यस्तै क्रममा बित्यो। विश्वका सर्वसुन्दरी यौन उत्तेजक नगरी जासूसलाई क्यान्सरले आक्रमण गऱ्यो। उसको कोमल सुन्दर शरीरले त्यो सहन सकेन– उसको मृत्यु भयो। रोमाच, हर्ष–अमर्ष र उत्तेजनाले भरिएको उसको जीवनको अन्त्य यसरी भयो।

**के तपाईंलाई थाहा छ?**

# नयाँ वर्ष मनाउने अनौठा संस्कारहरू!




नयाँ वर्ष आ–आफ्नो समय तथा संस्कार अनुसार पूरै विश्वभरि एक उत्सव तथा पर्वको रूपमा मनाइन्छ। विश्वका देशहरूले आ–आफ्ना तिथि–मिति तथा परम्परा अनुसार नयाँ पर्वलाई उत्सवको रूपमा मनाउँछन्। नयाँ वर्ष मनाउने केही संस्कार निकै अनौठा छन्।

- इटालीमा एउटा भनाइ निकै प्रचलित छ, 'आउट विथ दी गोल्ड' अर्थात् बाहिर फ्याँक्नुभन्दा राम्रो केही छैन। र, यो उखानको पालना गर्ने सबैभन्दा राम्रो मुहुर्त चाहिँ नयाँ वर्ष शुरू हुने दिनको अघिल्लो रात अर्थात् न्यू इयर इभ।
  इटालियनहरूको अनुसार न्यू इयर इभमा घरको झ्यालबाट कुनै न कुनै पुरानो चीजबीज फ्याँक्नै पर्दछ। चाहे टोस्टर होस् वा ताप्के वा टिभी, जे सुकै किन नहोस्।
  यसो गर्नाले नयाँ वर्षमा घरभित्र पुरानोको ठाउँमा नयाँ चीजवस्तु भित्रिन पाउँछन् र घरमा सम्वृद्धि आउँदछ भन्ने मान्यता रहेको छ।
- स्टोनियामा न्यू इयर इभमा मानिसहरूले आफूले विभिन्न परिकार खानपान गर्नु त छँदैछ खानेकुराका ७, ९ वा १२ परिकार दराजभित्र राखिदिन्छन्।
  ती धेरै परिकार दराजभित्र राख्न सक्यो उति नै धेरै सौभाग्य प्राप्त हुन्छ भन्ने मान्यता त्यहाँ छ। ३१ दिसम्बरको रातमा आफ्ना मृतक पूर्वजहरू घरमा खाना खान आउने हुनाले दराजभित्र थरीथरीका परिकार राखिदिएमा पूर्वजहरूले पेटभरि खान पाउने मान्यता रहिआएको छ।
- ब्राजिलमा न्यू इयर इभ सेलिब्रेट गर्ने दुइ तरीका छन्। मानिसहरू सेतो कपड़ा लगाएर मध्यरातमा समुद्रमा गएर पौड़ी खेल्दछन्। समुद्रका सात लहरसम्म तैरिएर आउन सकेमा ईश्वर खुशी हुने र आगामी वर्ष सुख सम्वृद्धिले भरिपूर्ण हुने विश्वास उनीहरूमा छ।
  त्यस्तै मानिसहरू फूल, गहना तथा विभिन्न उपहार लिएर डुङ्गामा बस्दछन्। डुङ्गामै चढ़ेर मानिसहरू रातमा समुद्रको बीचमा पुग्दछन्।
- स्पेनमा न्यू इयर इभका फरक खालको संस्कार छ। रातो रङ्गको एक जोड़ी अण्डरवेयर खरीद गर्ने चलन छ। यसो गर्नाले नयाँ वर्षमा गुडलक आउने विश्वास छ। रातो रङ्ग मानिसहरूको सौभाग्यको सूचक हो।
  मानिसहरु न्यू इयर इभ रातको १२ बज्नु १२ सेकेण्ड अघिबाट मनाउन शुरू गर्दछन् अनि १२ बजी अगाड़िका ती १२ सेकेण्डमा एक–एक गेड़ा अङ्गुर खान्छन्। यसरी १२ गेड़ा अङ्गुर खानाले गुडलक् आउने विश्वास गरिन्छ।
- इक्वेडरमा मानिसहरु चर्चित सेलिब्रेटीहरूका ठूला–ठूला पुत्ला बनाउँछन् अनि रात ढल्किँदै गर्दा आगो बालेर पुत्ला दहन गर्दछन्। यसो गर्नाले गुडलक् आउने विश्वास गरिन्छ।
- डेनमार्कमा मानिसहरूले घरमा टुटेफुटेका सर–सामानहरू वर्षदिनभरि जतन गरेर राख्दछन् अनि न्यू इयर इभमा छिमेकीको दैलोमा लगेर फ्याँकिदिन्छन्। नयाँ वर्षको पहिलो बिहानीमा आफ्नो ढोका बाहिर टुटेफुटेका सर–सामानहरू देख्न पाएमा सौभाग्य प्राप्त हुने विश्वास गरिन्छ।
- फिलिपिन्समा मानिसहरू गोलो आकृतिलाई सौभाग्यको प्रतीक मान्दछन्। न्यू इयर इभमा १२ थरी फलफूल जम्मा पार्दछन्। प्रत्येक फल एक महीनाको प्रतीक हुन्छ। १२ थरी फललाई टेबुलमा सजाइन्छ।
  यी १२ फलले वर्षका बाह्रै महीना समृद्धि ल्याउने विश्वास गरिन्छ। यी सबै फलहरू गोलो आकारका हुन्छन्। गोलो आकारका फल मात्र होइन मानिसहरू गोलो आकारका गहना पनि लगाउने गर्दछन्।

# थाइराइड सम्बन्धी महत्त्वपूर्ण तथ्यहरू

थाइराइड एउटा ग्रन्थी हो। यो हाम्रो घाँटीमा हुन्छ, यसलाई गलगाँड पनि भनिन्छ। यो ठूलो रोग भने होइन तर यसको उपचार समयमै नगरे विभिन्न प्रकारका जटिल रोग लाग्न सक्छ। यसको काम थाइराइड हर्मोन उत्पादन गर्नु हो। यसले शरीरको मेटाबोलिजममा काम गर्छ र हाम्रो शरीरलाई फूर्तिलो बनाएर राख्छ। साथै थाइराइडबाट उत्पादन हुने हर्मोन रगतको माध्यमबाट शरीरका विभिन्न तन्तु र अंगमा गई क्यालोरी उपयोग, अक्सिजन खपत गर्ने, पाचन प्रक्रिया तथा दिमागको कार्यमा सहयोग गर्छ। थाइराइडमा तीन महत्वपूर्ण हर्मोन हुन्छन्– थाइरोक्सिन (टी फोर), ट्रिडोथाइरोनाइन (टी थ्री) र क्याल्सिटोनिन। टी थ्री र टी फोर मानिसको समग्र मेटाबोलिजमका लागि जिम्मेवार मानिन्छ। क्याल्सिटोनिनले शरीरमा जम्मा भएको क्याल्सियमलाई नियमन गर्न सहयोग गर्छ र हड्डी निर्माणको प्रक्रियालाई निर्देशित गर्छ।

**थाइराइड हुने कारण –**

- कतिपयमा जन्मजात यो रोग देखिन्छ।
- यो रोगको मुख्य कारण हार्मोनको असन्तुलन हो।
- परिवारमा पहिले कसैलाई यो रोग लागेको छ भने पनि यसको सिकार हुने सम्भावना वृद्धि हुन्छ।
- थाइराइडमा आउने समस्याको एउटा कारण तनाव पनि हो।




यो रोग जुनसुकै उमेरको मानिसलाई हुनसक्छ। पुरुषको तुलनामा महिलालाई थाइरोइडको समस्या बढ़ी हुनेगर्छ। किनकी पुरुषको तुलनामा महिलामा रोग प्रतिरोधात्मक क्षमता कम हुन्छ। यसले गर्दा नौजना महिलालाई थाइराइड भएको छ भने एकजना पुरुष मात्र यसको सिकार हुन्छन्। यसको अर्को कारण वंशाणुगत पनि हो। साथै रोगप्रतिरोधक क्षमता पनि हो र वातावरणले पनि यसमा असर पारेको हुन्छ।

**उपचार**

थाइराइडको समस्या पुरुषभन्दा महिलाहरूलाई बढ़ी जोखिम हुन्छ। यदि यसको शंका लागे तुरुन्त चिकित्सकको सल्लाहमा रगत जाँच गराउनुपर्छ। यसलाई गम्भीर रुपले लिइएन भने स्ट्रोक, मुटु रोग, नपुंसकता र अल्जाइमरले असमयमै मृत्युको मुखमा पुग्ने खतरा हुन्छ। यसको उपचार सम्भव छ। जुन कुराको कमी छ त्यसको पूर्तिका लागि रिप्लेसमेन्ट थेरापी गरिन्छ। थाइराइडको प्रकार हेरेर उपचार गराउनुपर्ने हुन्छ। औषधि, रेडियोआयोडिन थेरापीद्वारा पनि यसको उपचार गरिन्छ। गलगाँड काटेर फाल्नुपर्ने अवस्थामा सर्जरी पनि गराउनुपर्ने हुन्छ। थाइराइडका कारण क्यान्सर पनि हुने भएकाले सर्जरीको आवश्यकता पर्छ।

**कसरी बाँच्ने ?**

- यस्ता विरामीका लागि आयोडिनको सेवन फाइदाजनक हुन्छ। नूनका अतिरिक्त समुद्री वनस्पति तथा माछामा पनि पर्याप्त आयोडिन हुन्छ।
- ताजा हरियो सागपात खानुपर्छ। बन्दाकोपी तथा काउली खानु हुँदैन भन्ने धारणा कतिपयमा छ जुन गलत हो।
- फास्टफुड, जंक फुड एवं धूम्रपानको सेवन बन्द गर्नुपर्छ।
- प्रशस्त मात्रमा भिटामिन 'डी' पाइने माछा, अण्डा, गाजर, च्याउ, पालुंगो आदिले थाइराइड नियन्त्रित राख्न सघाउ पुऱ्याउने हुँदा यस्ता कुरा नियमित सेवन गर्नुपर्छ।
- सेलेनियमयुक्त बदाम, ओखरजस्ता खाद्यपदार्थ खानु पनि फाइदाजनक हुन्छ।
- गाईको दूध, दही, पनीर, काजु तथा सनफ्लावरको बीउ थाइराइडका बिरामीहरूका लागि लाभदायक मानिन्छ।